# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०६।२४ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

जनता निम्न माध्यामिक बिद्यालय नवलपरासी हाल परिवर्तित जनता माध्यामिक विद्यालय, रामग्राम नवलपरासीमा निम्न माध्यामिक तहको शिक्षक पदमा कार्यरत अर्जुनकुमार गुप्ता तेलीको शैक्षिक योग्यताको प्रमाण-पत्र छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुँदा निजले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले त्रिभुवन विश्वबिद्यालय अन्तर्गत बुटवल बहुमुखी क्याम्पसबाट अंग्रेजी विषयमा बी.एड. उत्तिर्ण गरेको झुठ्ठो शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता